नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल ।

प्रेस विज्ञप्ति

पत्र संख्या :-

मिति :.........................

च.नं. :- आज मिति २०७६ जेठ २९ गते सम्माननीय कार्यवाहक प्रधानमन्त्री श्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा कैलाली र कञ्चनपुरमा यही मिति २०७६ जेठ २३ गते बेलुका आएको भीषण हावाहुरीले पुऱ्याएको धनजनको क्षति र अब गर्नुपर्ने राहत र सहयोगको विषयमा छलफल भयो । उक्त बैठकमा निमित्त मुख्य सचिव, गृह सचिव, रक्षा सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव लगायतका नेपाल सरकारका उच्च पदस्थ अधिकृतहरूको उपस्थिति रहेको थियो । बैठकमा संघीय संसदका माननीय सदस्यहरू श्री निरूदेवी पाल, झपट बहादुर रावल, नर बहादुर धामी, लक्ष्मी चौधरी, निरादेवी जैरू र विना देवी बुढाथोकीले कैलाली र कञ्चनपुरमा भएको जनधनको क्षति र नेपाल सरकारले राहत उपलब्ध गराउनु पर्ने सम्बन्धमा पेश गर्नुभएको ज्ञापन पत्र र गृह सचिवज्यूले हाल सम्म प्राप्त क्षतिको विवरण र नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट उपलब्ध गराइएको उद्दार र राहतका बारेमा छलफल भई अब गर्नुपर्ने कामका सम्बन्धमा गम्भीर छलफल र समीक्षा भयो ।

आजको बैठकले उक्त दुई जिल्लामा भएको धनजनको क्षतिप्रति गहिरो दु:ख व्यक्त गरेको छ । उक्त प्राकृतिक विपत्तिबाट ज्यान गुमाउने मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली र मृतकका परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ । हालसम्म तत्काल उद्दार गर्ने कार्य सम्पन्न भई पुनर्स्थापनाको कार्य शुरु भइसकेको र घाइतेको उपचार भइरहेको, नेपाल सरकारका साथै सम्बन्धित स्थानीय तहहरू र प्रदेश सरकारले तत्काल राहत उपलब्ध गराएको छ । नेपाल सरकारको तर्फबाट मृतकका नजिकका हकदारलाई जिल्ला विपद् व्यवस्थापन समितिबाट रु. १ लाख राहत दिने, घाइतेहरुको निशुल्क उपचार गर्ने निर्णय भएको तथा प्रदेश सरकारबाट मृतकका हकदारलाई रु. १ लाख ५० हजार, घर पूर्ण क्षति भएका परिवारलाई रु. २० हजार र घर आंशिक क्षति भएका परिवारलाई रु. १० हजार दिने निर्णय भएको व्यहोरा जानकारीमा आएको छ । उक्त हावाहुरीले पुऱ्याएको क्षतिको विवरण सङ्कलन गर्ने कार्य भइ रहेकोले सोको पूर्ण विवरण प्राप्त भइसकेपछि थप राहत लगायतका गर्नुपर्ने सहयोगका कार्यक्रमहरूका बारेमा नेपाल सरकारले थप निर्णय गर्नेनै छ। घाइतेहरूको उपचारमा लाग्ने सम्पूर्ण खर्च राज्यको तर्फबाट व्यहोर्ने व्यवस्था मिलाइएको र स्थानीय स्तरमा गर्नुपर्ने समन्वय र सहयोगको लागि नेपाल सरकारको तर्फबाट स्थानीय प्रशासनले कार्य गरि रहेकोले उक्त विपत्तिबाट भएको क्षति र थप राहत वितरण कार्य समेतको लागि एकीकृत रूपमा अघि बढ्नको लागि प्रदेश सरकार र स्थानीय तहलाई आग्रह गर्दै बैठकले सम्बद्ध सबैलाई सहयोगको लागि हार्दिक अपिल गरेको छ ।

२९ जेठ, २०७६

(विष्णुप्रसाद घिमिरे)
उपसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np